प्रदेश सरकार

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

प्रदेश नं. ३

# मेला महोत्सब संचालन कार्यक्रम कार्यान्वयन कार्यविधि-२०७६

## परिच्छेद १

## प्रस्तावना, नाम र प्रारम्भ

**प्रस्तावना**

यो उद्योग/पर्यटन/ व्यापार व्यवासाय प्रवर्द्धनात्मक कार्यक्रम हो । उद्योग/पर्यटन/ व्यापार व्यवसाय संचालनमा सघाउ पुर्याउन तथा मेला, महोत्सब, सम्मेलन, प्रदर्शनी, साँस्कृतिक मेला तथा हाइकीङ्ग, खाना महोत्सव, पर्यटकिय एडभेनचर गेम, धार्मीक तथा साँस्कृतिक चाडका रुपमा गरीने पर्यटकीय र्याली, दिवस तथा समारोह लगायतका कार्यक्रम कार्यान्वियनका लागि एकरुपता ल्याइ प्रभावकारीरुपमा कार्यान्वयन गर्न यो कार्यविधि वनाइएको छ ।

**प्रारम्भिक**

१. संक्षिप्त नाम र प्रारम्भः

क) यस कार्यविधिको नाम " मेला महोत्सब संचालन कार्यान्वयन कार्यविधि २०७६" रहनेछ ।

ख) यो कार्यविधि आ.व. २०७६/०७७ को लागि स्वीकृत बजेट तथा कार्यक्रमको हकमा मात्र लागु हुनेछ ।

२. परिभाषाः

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,

क) मन्त्रालय भन्नाले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. ३ सम्झनुपर्नेछ ।

ख) सम्वन्धित निकाय वा कार्यालय भन्नाले मन्त्रालयद्वारा कार्यक्रम सञ्चालन गर्न तोकिएको सरकारी निकायलाई सम्झनुपर्छ ।

ग) स्थानीय तह भन्नाले कार्यक्रम लागु हुने स्थानको महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका वा गाउँपालिका सम्झनुपर्छ ।

घ) कार्यक्रम भन्नाले एकल वा लागत साझेदारीमा कार्यालयले व्यहोर्ने सम्वन्धि परियोजना/योजना समेतलाई जनाउने छ ।

ङ) मेला महोत्सव भन्नाले प्रदेश सरकार वा अन्तरगतका निकायहरुले स्विकृत बार्षिक कार्यक्रममा रहेको उद्योग तथा वाणिज्य, पर्यटन र लघु तथा घरेलु उपजहरुको विषयमा प्रदर्शनी, मेला, सम्मेलन, महोत्सव, साँस्कृतिक मेला तथा हाइकीङ्ग, खाना महोत्सव, पर्यटकियएडभेनचर गेम, धार्मीक तथा साँस्कृतिक चाडका रुपमा गरीने पर्यटकीय र्याली, दिवस तथा समारोह समेतलाइ जनाउनेछ ।

## परिच्छेद २

## मेला महोत्सब संचालन कार्यक्रम

३. प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय,को आ.ब. ०७६/७७ को स्विकृत कार्यक्रमहरु मध्ये मेला महोत्सव सम्वन्धी कार्यक्रम कार्यान्वयनका लागि देहायको विधि अपनाइ मेला, महोत्सब, सम्मेलन, प्रदर्शनी, साँस्कृतिक मेला तथा हाइकीङ्ग, खाना महोत्सव, पर्यटकिय एडभेनचर गेम, धार्मीक तथा साँस्कृतिक चाडका रुपमा गरीने पर्यटकीय र्‍याली, दिवस तथा समारोह लगायतका कार्यक्रम संचालन गरिनेछ ।

क. मन्त्रालय/निर्देशनालय/ आयोजना आफैले एकल वा साझेदारी वा आंशिक सहभागितामा मेला महोत्सव संचालन गर्न सकिनेछ । यसरी गर्दा लागत अनुमान गरी सानो इकाइ गठन गरी वा कर्मचारीलाइ जिम्मेवार वनाइ सार्वजनिक खरिद ऐन तथा नियमावलीको अधिनमा रहि काम सम्पादन गरीनेछ । मन्त्रालय/निर्देशनालय/आयोजनाले आयोजना गर्ने मेला महोत्सव वा सम्मेलनमा सरोकारवाला निकायलाइ समावेश गरी गर्न समेत सकिनेछ ।

ख. मन्त्रालयले मेला, महोत्सब, सम्मेलन, प्रदर्शनी, सास्कृतिक मेला तथा हाइकीङ्ग, खाना महोत्सव, पर्यटकिय एडभेनचर गेम, धार्मीक तथा सास्कृतिक चाडका रुपमा गरी पर्यटकीय र्‍याली, दिवस तथा समारोह संचालनको माग संकलनका लागि पहिलो चरणमा पौष मसान्त भित्र, दोश्रो चरणमा फाल्गुण मसान्त भित्र, तेश्रो चरणमा वैशाख मसान्त भित्रको अवधिमा सार्वजिनक सुचना मार्फत प्रस्ताव माग गरिनेछ । सो सुचना अनुसार आयोजकले मेला महोत्सव आयोजनाको विवरण पेश गर्नुपर्नेछ ।

ग. कागजात पेश गर्नुपर्ने : उद्योग/पर्यटन/ व्यापार व्यवासाय संचालनमा सघाउ पुर्याउन तथा मेला, महोत्सब, सम्मेलन, प्रदर्शनी, सास्कृतिक मेला तथा हाइकीङ्ग, खाना महोत्सव, पर्यटकिय एडभेनचर गेम, धार्मीक तथा सास्कृतिक चाडका रुपमा गरी पर्यटकीय र्‍याली, दिवस तथा समारोह संचालन गर्नु पुर्व प्रस्तावना वा योजना सहित देहायको कागजात समावेश गरी संचालन हुनु भन्दा कम्तिमा विस दिन अगाडी मन्त्रालय/ निर्देशनालय/आयोजनामा पेश गर्नुपर्नेछ । यो कार्यक्रममा स्थानीय तहसमेत आयोजक भइ काम गर्न सकिनेछ ।

### पेश गर्नुपर्ने कागजातहरुको विवरण

- निवेदन
- प्रस्ताव /योजना
- संचालन हुने अवधि
- प्रदेश सभा सदस्यको सिफारिश
- स्थानीय तहको पदाधिकारीको सिफारिश
- उद्योग/वाणिज्य तर्फको भए उद्योग वाणिज्य संघ सिफारिश
- प्रस्तावित लागत अनुमान
- संचालन हुने मिति, स्थान
- अपेक्षित उपलब्धी

घ. यो कार्यविधि स्विकृत हुनु भन्दा अगाडी, पेश हुन आएका प्रस्तावको हकमा मन्त्रालयले निर्णय गरे अनुसार हुनेछ ।

ङ. मन्त्रालयले सार्वजनिक गरेको सुचना मार्फत पेश हुन आएका मेला, महोत्सब, सम्मेलन, प्रदर्शनी, साँस्कृतिक मेला तथा हाइकीङ्ग, खाना महोत्सव, पर्यटकिय एडभेनचर गेम, धार्मीक तथा साँस्कृतिक चाडका रुपमा गरी पर्यटकीय र्याली, दिवस तथा समारोहमा सहभागी हुने/ नहुने वा सहयोग गर्ने/नगर्ने विषययमा मन्त्रालयले निर्णय गर्नेछ ।

च. मन्त्रालय/निर्देशनालय/आयोजना/कार्यालयको सहभागिताको रुप आयोजक वा प्रायोजक वा वस्तुगत सहयोग के गर्ने भन्ने विषय मन्त्रालयले निक्यौंल गर्नेछ ।

छ. मन्त्रालय सहभागी हुने निर्णय गरेमा सो को जानकारी निवेदकलाइ गराइ आवश्यक प्रकृया अगाडि वढाइनेछ ।

ज. सहभागिता जनाउदा स्थानीय/नगर स्तर सम्मको लागि वढिमा रु दुईलाख सम्म, जिल्ला/प्रदेशस्तर सम्मको लागि वढीमा रु पाँच लाख सम्म खर्च गर्न सकिनेछ तर तोकिएको स्थान/निर्वाचन क्षेत्र मा उल्लेखित वजेटलाइ यो वुदामा लेखिएको वजेट सिमाले कुनै असर पार्ने छैन ।

झ. नेपाल भ्रमण वर्ष २०२० लाइ लक्षित हुने गरी मन्त्रालय वा अन्तरगतका निकायको मेला महोत्सव शिर्षकको कार्यक्रमवाट मेला, सम्मेलन, महोत्सव, सास्कृतिक मेला, साहसीक खेल तथा महोत्सब, विदेशीहरु सहभागि हुने खेलहरुमा समेत यो शिर्षकको रकम खर्च गरिनेछ ।

ञ. सहभागिताको लागि अनुरोध गर्दा कुल लागत अनुमान, खर्चको साझेदारीको विषय, आयोजक समितिको पुर्ण कमिटीको बैठकको निर्णय जस्ता विषय समावेश गरी मन्त्रालय/आयोजनमा निवेदन पेश गर्नुपर्नेछ ।

ट. संझौता बमोजिम आयोजकको सिफारिशमा सार्वजनिक खरिद नियमावलीको अधिनमा रही बिल अनुसार रकम भुक्तानी गरीनेछ

४. उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयवाट जारी भैसकेका अन्य कार्यविधिमा मेला महोत्सवका विषयमा जुनसुकै कुरा उल्लेख भएता पनि मेला महोत्सवका विषयमा यो कार्यविधि लागू गरी कार्यान्वयन गर्नुपर्नेछ ।

५. कार्यविधिमा कुनै द्धविधा भएमा व्याख्या तथा संसोधन मन्त्रालयले गर्न सक्नेछ ।